# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १८ गते २०२४ साल

**श्री ५ को सरकार**

### निर्माण, सञ्चार तथा यातायात–मन्त्रालय,

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको पर्यटन उद्योग (संशोधन) नियमावली, २०२३ सर्वसाधारणको जानकारिको लागि प्रकाशित गरिएको छ :–

पर्यटन उद्योग (संशोधन) नियमावली, २०२३

पर्यटन उद्योग नियमावली, २०२२ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

पर्यटन उद्योग ऐन, २०२१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमावली, बनाएको छ:–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो नियमावलीको नाम "पर्यटन उद्योग (संशोधन) नियमावली, २०२३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. मूल नियमावलीको नियम २० मा थपः– मूल नियमावलीको नियम २० को उप–नियम (२) पछि देहायको उप–नियम (३) थपिएको छः–

(३) नियम २४ को उप–नियम (१) को एक तारावाला होटेलको स्तरभन्दा कम स्तर भएको शहरी क्षेत्र बाहिरको होटेललाई समितिले "पर्यटक आवास" (टुरिष्ट रिजर्ट) भनी वर्गीकरण गर्न सक्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम २२ मा थपः– मूल नियमावलीको नियम २२ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

(च) "पर्यटक आवास" (टुरिष्ट रिजर्ट) नामकरण गरिएको होटल दर्ता दस्तूर – – – पाँचसय रुपैयां ।

४. मूल नियमावलीको नियम २४ को उप–नियम (२) मा संशोधनः– मूल नियमावलीको नियम २४ को उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छः–

(२) अन्य दुई तारादेखि पांच तारासम्मको पर्यटनको स्तरको होटल र पर्यटक आवास (टुरिष्ट रिजर्ट) को निमित्त विभागले यो नियमावलीको नियम २० बमोजिम समितिको राय लिई तोकिदिएबमोजिमको सुविधायुक्त हुनुपर्ने ।

आज्ञाले–
श्यामकृष्ण भट्टराई
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।